नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२९४०६

पत्र संख्याः ०८२/८३
च.नं. : 662

पो.ब.नं. ११०३१
रामशाहपथ,
थापाथली, काठमाडौं
मितिः२०८२/०९/२३

श्री तथ्याङ्क समन्वय कार्यालय,
मोरङ/ धनुषा/ काठमाडौं/ कास्की/ दाङ/ सुर्खेत र कैलाली।

विषयः नेपाल श्रमशक्ति सर्वेक्षण चौथो -२०८२/८३ को जनशक्ति भर्ना सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा चालु आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने नेपाल श्रमशक्ति सर्वेक्षणको सर्वेक्षणको स्थलगत कार्यमा खटिने सुपरिवेक्षक तथा गणक कर्मचारी करारमा लिनका लागि कर्मचारी भर्नाको विज्ञापन प्रकाशन भई तहाँ कार्यालयमा निवेदन संकलन भैरहेको छ। जनशक्ति भर्नाका लागि नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत भई लागू भएको छ। मापदण्डको दफा ६ अनुसार सम्बन्धित तथ्याङ्क समन्वय कार्यालयमा छनौट तथा सिफारिस समिति गठनको व्यवस्था छ। नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ र नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धमा प्रारम्भिक सूची प्रकाशन, अन्तर्वार्ता सञ्चालन तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२ कार्यालयबाट विभिन्न मितिमा स्वीकृत भएको छ। यसै पत्रसाथ संलग्न उल्लिखित मापदण्ड, कार्यविधि र देहायको कार्यतालिकाको अधिनमा रही तहाँ कार्यालयमा छनौट तथा सिफारिस समिति गठन गरी जनशक्ति भर्नाको कार्य गर्नुहुन निर्णयानुसार अनुरोध गरिन्छ।

(सरला कुमारी पौडेल)
शाखा अधिकृत

अवगतार्थ तथा वोधार्थः

१. श्री प्रमुख तथ्याङ्क अधिकारी, राष्ट्रिय तथ्याङ्क कार्यालय।
२. श्री महाशाखा प्रमुख, योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा, राष्ट्रिय तथ्याङ्क कार्यालय।
३. श्री प्रशासन शाखा/ आर्थिक प्रशासन शाखा, राष्ट्रिय तथ्याङ्क कार्यालय।
४. श्री आर्थिक प्रशासन शाखा, राष्ट्रिय तथ्याङ्क कार्यालय।
५. श्री घरपरिवार सर्वेक्षण शाखा, राष्ट्रिय तथ्याङ्क कार्यालय।

## कर्मचारी भर्नाको समय तालिका

| क्र. सं. | क्रियाकलाप | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | निवेदकहरुको प्रारम्भिक सूची तयार | पौष २४ देखि २५ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| २ | निवेदकहरुको प्रारम्भिक सूची प्रकाशन | पौष २५ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| ३ | अन्तर्वार्ता सञ्चालन | पौष २८ देखि २९ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| ४ | अन्तिम नतिजा प्रकाशन | पौष ३० | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| ५ | करार संझौताका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयमा सिफारिश गरी पठाउने | पौष ३० | | |

आज मिति २०८२/०९/१८ गते शुक्रबार राष्ट्रिय तथ्याङ्क कार्यालयमा नेपाल श्रमशक्ति सर्वेक्षण चौथोको करारमा जनशक्ति भर्ना गर्नका लागि स्वीकृत नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ५ अनुसार गठित जनशक्ति छनौट सहजीकरण समितिका अध्यक्ष योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाका प्रमुख उप प्रमुख तथ्याङ्क अधिकारी डा. शरद कुमार शर्माको अध्यक्षतामा देहायका समिति पदाधिकारीको उपस्थितिमा बैठक बसी जनशक्ति भर्नाका विभिन्न विषयमा छलफल गरी निम्नानुसार निर्णय गरियो।

<u>उपस्थिति:</u>

| | | |
|---|---|---|
| १. डा. शरद कुमार शर्मा, उप-प्रमुख तथ्याङ्क अधिकारी | अध्यक्ष | |
| २. श्री ढुण्डीराज लामिछाने, उप-प्रमुख तथ्याङ्क अधिकारी | सदस्य | |
| ३. श्री हरि प्रसाद अर्याल, उपसचिव | सदस्य | |
| ४. डा. अनिल श्रेष्ठ, उपसचिव | सदस्य | |
| ५. श्री मनोहर घिमिरे, निर्देशक | सदस्य | |
| ६. श्री शिव श्रेष्ठ, निर्देशक | सदस्य | |
| ७. श्री सरला कुमारी पौडयाल, शाखा अधिकृत | सदस्य सचिव | |

<u>निर्णय:</u>

१. नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ५ उपदफा (२) (क) अनुसारको करारमा भर्ना गरिने जनशक्तिका लागि प्रारम्भिक सूची तयार गर्न तथा अन्तर्वार्ताका लागि संलग्न कार्यविधि (प्रक्रिया, विधि, चरण जस्ता चयनका आधारहरू) स्वीकृत गर्ने।

२. नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ६ अनुसार तथ्याङ्क समन्वय कार्यालयमा गठित छनौट तथा सिफारिस समितिको खण्ड (ख) को व्यवस्था अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिनिधिको रुपमा दफा ५ को उपदफा (२) (घ) अनुसार तपिशल अनुसार कर्मचारी खटाउने।

| क्रम संख्या | तथ्याङ्क समन्वय कार्यालय | कर्मचारीको नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | मोरङ | ध्रुव कुमार कटुवाल | शाखा अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २ | धनुषा | सुमन्त कुमार यादव | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ३ | काठमाडौं | दिपक कोईराला | तथ्याङ्क समन्वय अधिकारी | तथ्याङ्क समन्वय कार्यालय,काभ्रेपलाञ्चोक |
| ४ | कास्की | गंगाराम भट्टराई | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ५ | दाङ | कुल प्रकाश न्यौपाने | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ६ | सुर्खेत | लक्ष्मण कँडेल | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय<br>हाल काजः तथ्याङ्क समन्वय कार्यालय सुर्खेत |
| ७ | कैलाली | शिव श्रेष्ठ | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |

३.तथ्याङ्क समन्वय कार्यालयमा नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ६ अनुसार गठन हुने छनौट तथा सिफारिश समितिको (ग) अनुसारको सदस्य सचिव पदमा रही कार्य गर्ने तथ्याङ्क अधिकृत तथ्याङ्क समन्वय कार्यालय काठमाडौंमा नरहेकाले उक्त कार्य गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालय, घरपरिवार सर्वेक्षण शाखामा कार्यरत श्री किशोर के. सी. लाई तोकी पठाउने।

४.जनशक्ति भर्नाका सम्बन्धमा तपशिल अनुसारको कार्यतालिका स्वीकृत गरी सोही अनुसार गर्न तथ्याङ्क समन्वय कार्यालयलाई पत्राचार गर्ने।

**कर्मचारी भर्नाको समय तालिका**

| क्रम संख्या. | क्रियाकलाप | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | निवेदकहरुको प्रारम्भिक सूची तयार | पौष २४ देखि २५ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| २ | निवेदकहरुको प्रारम्भिक सूची प्रकाशन | पौष २५ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| ३ | अन्तर्वार्ता सञ्चालन | पौष २८ देखि २९ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| ४ | अन्तिम नतिजा प्रकाशन | पौष ३० | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |

आज मिति २०८२/०९/१८ गते शुक्रबार राष्ट्रिय तथ्याङ्क कार्यालयमा नेपाल श्रमशक्ति सर्वेक्षण चौथोको करारमा जनशक्ति भर्ना गर्नका लागि स्वीकृत नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ५ अनुसार गठित जनशक्ति छनौट सहजीकरण समितिका अध्यक्ष योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाका प्रमुख उप प्रमुख तथ्याङ्क अधिकारी डा. शरद कुमार शर्माको अध्यक्षतामा देहायका समिति पदाधिकारीको उपस्थितिमा बैठक बसी जनशक्ति भर्नाका विभिन्न विषयमा छलफल गरी निम्नानुसार निर्णय गरियो।

<u>उपस्थिति:</u>

| | | |
|---|---|---|
| १. डा. शरद कुमार शर्मा, उप-प्रमुख तथ्याङ्क अधिकारी | अध्यक्ष | |
| २. श्री ढुण्डीराज लामिछाने, उप-प्रमुख तथ्याङ्क अधिकारी | सदस्य | |
| ३. श्री हरि प्रसाद अर्याल, उपसचिव | सदस्य | |
| ४. डा. अनिल श्रेष्ठ, उपसचिव | सदस्य | |
| ५. श्री मनोहर घिमिरे, निर्देशक | सदस्य | |
| ६. श्री शिव श्रेष्ठ, निर्देशक | सदस्य | |
| ७. श्री सरला कुमारी पौड्याल, शाखा अधिकृत | सदस्य सचिव | |

<u>निर्णय:</u>

१. नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ५ उपदफा (२) (क) अनुसारको करारमा भर्ना गरिने जनशक्तिका लागि प्रारम्भिक सूची तयार गर्न तथा अन्तर्वार्ताका लागि संलग्न कार्यविधि (प्रक्रिया, विधि, चरण जस्ता चयनका आधारहरू) स्वीकृत गर्ने।

२. नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ६ अनुसार तथ्याङ्क समन्वय कार्यालयमा गठित छनौट तथा सिफारिस समितिको खण्ड (ख) को व्यवस्था अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिनिधिको रुपमा दफा ५ को उपदफा (२) (घ) अनुसार तपिशल अनुसार कर्मचारी खटाउने।

| क्रम संख्या | तथ्याङ्क समन्वय कार्यालय | कर्मचारीको नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | मोरङ | ध्रुव कुमार कटुवाल | शाखा अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २ | धनुषा | सुमन्त कुमार यादव | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ३ | काठमाडौं | दिपक कोईराला | तथ्याङ्क समन्वय अधिकारी | तथ्याङ्क समन्वय कार्यालय,काभ्रेपलाञ्चोक |
| ४ | कास्की | गंगाराम भट्टराई | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ५ | दाङ | कुल प्रकाश न्यौपाने | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ६ | सुर्खेत | लक्ष्मण कँडेल | तथ्याङ्क अधिकृत | राष्ट्रिय तथ्याङ्क कार्यालय<br>हाल काजः तथ्याङ्क समन्वय कार्यालय सुर्खेत |
| ७ | कैलाली | शिव श्रेष्ठ | निर्देशक | राष्ट्रिय तथ्याङ्क कार्यालय |

३.तथ्याङ्क समन्वय कार्यालयमा नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ६ अनुसार गठन हुने छनौट तथा सिफारिश समितिको (ग) अनुसारको सदस्य सचिव पदमा रही कार्य गर्ने तथ्याङ्क अधिकृत तथ्याङ्क समन्वय कार्यालय काठमाडौंमा नरहेकाले उक्त कार्य गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालय, घरपरिवार सर्वेक्षण शाखामा कार्यरत श्री किशोर के. सी. लाई तोकी पठाउने।

४.जनशक्ति भर्नाका सम्बन्धमा तपशिल अनुसारको कार्यतालिका स्वीकृत गरी सोही अनुसार गर्न तथ्याङ्क समन्वय कार्यालयलाई पत्राचार गर्ने।

**कर्मचारी भर्नाको समय तालिका**

| क्रम संख्या. | क्रियाकलाप | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | निवेदकहरुको प्रारम्भिक सूची तयार | पौष २४ देखि २५ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| २ | निवेदकहरुको प्रारम्भिक सूची प्रकाशन | पौष २५ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| ३ | अन्तर्वार्ता सञ्चालन | पौष २८ देखि २९ | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |
| ४ | अन्तिम नतिजा प्रकाशन | पौष ३० | सम्बन्धित तथ्याङ्क समन्वय कार्यालय | |

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाण्डौं

## नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धमा प्रारम्भिक सूची प्रकाशन, अन्तर्वार्ता सञ्चालन तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८२

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ५ को उपदफा (२) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी कर्मचारी छनौट सहजीकरण समितिले यो कार्यविधि बनाएको छ।

१. प्रारम्भिक सूची तयार गर्ने-

१.१. तथ्याङ्क समन्वय कार्यालयमा दरखास्त दिएका उम्मेदवारको दरखास्त फारामका साथ पेश गरेका नागरिकता, शैक्षिक योग्यता, अनुभव, आदि कागजपत्रको रुजु गरी बुँदा नं १.२ अनुसार आवेदनकर्ताको मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारमध्ये देहायअनुसार प्रारम्भिक सूची प्रकाशन गर्नुपर्नेछ।

(क) माग गरिएको पदमा योग्य आवेदकको संख्या माग पदसंख्याको तीन गुणासम्म भएमा सबै योग्य आवेदनकर्तालाई समावेश गरी प्रारम्भिक सूची प्रकाशन गर्नुपर्नेछ।

(ख) माग गरिएको पदमा योग्य आवेदकको संख्या माग पदसंख्याको तीन गुणाभन्दा बढी भएमा माग संख्याको तेब्बर संख्यामा प्रारम्भिक सूची प्रकाशन गर्नुपर्नेछ।

(ग) प्रारम्भिक सूची प्रकाशनको योग्यताक्रम तयार गर्दा अन्तिममा पर्ने उम्मेदवारको अङ्क बराबर भएमा सबैलाई समावेश गरी प्रारम्भिक सूची प्रकाशन गर्नुपर्नेछ।

(घ) सुपरिवेक्षक तथा गणक दुबै पदमा आवेदन दिई दुबै पदको प्रारम्भिक सूचीमा नाम समावेश भएका उम्मेदवारको संख्या थप गरी प्रत्येक पदको प्रारम्भिक सूची तयार गर्नुपर्नेछ।

(ङ) प्रारम्भिक सूची प्रकाशन गर्दा योग्य उम्मेदवारको नामलाई नेपाली वर्णानुक्रम अनुसार प्रकाशन गर्नुपर्नेछ।

१.२. प्राथमिक सूची प्रकाशन गर्दा निम्न मापदण्डलाई आधार मान्नु पर्नेछ।

(क) सम्बन्धित पदका योग्य उम्मेदरवाको न्यूनतम शैक्षिक योग्यताको तहमा निजले ल्याएको ग्रेड वा प्रतिशत र विभिन्न गणना तथा सर्वेक्षणमा काम गरेको अनुभवलाई आधार मानी अनुसूची-१ बमोजिमको न्यूनतम शैक्षिक योग्यता र अनुभवको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ।

(ख) बुँदा (क) को मूल्याङ्कनका लागि अनुसूची-२ बमोजिम मूल्याङ्कन गरी योग्यताक्रम तयार गर्नुपर्नेछ।

**२. प्रारम्भिक सूची प्रकाशन गर्ने-**

२.१. बुँदा नं १ को प्रावधान अनुसार तयार गरिएको आवेदनकर्ताको प्रारम्भिक सूची तथ्याङ्क समन्वय कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालयले निर्धारण गरेको कार्यतालिका अनुसार प्रकाशन गर्नुपर्नेछ।

२.२. नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ६ अनुसारको तथ्याङ्क समन्वय कार्यालयमा गठित भर्ना तथा छनौट समितिबाट निर्णय गरी प्रारम्भिक सूची प्रकाशन गर्नुपर्नेछ।

२.३. प्रारम्भिक सूची प्रकाशन गर्दा अन्तर्वार्ताको मिति, समय र स्थान तोकी सूचना प्रकाशन गर्नुपर्नेछ।

**३. अन्तर्वार्ता सञ्चालन-**

३.१. नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ को दफा ६ अनुसार तथ्याङ्क समन्वय कार्यालयमा गठित छनौट तथा सिफारिस समितिले प्रारम्भिक सूचीमा समावेश उम्मेदवारको अन्तर्वार्ता लिनुपर्नेछ।

३.२.अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले पेश गरेका कागजातको सक्कल प्रति भर्ना तथा छनौट समितिका अध्यक्षले तोकेको तथ्याङ्क समन्वय कार्यालयको कर्मचारीबाट रुजु गरी प्रमाणित गर्नुपर्नेछ।

३.३.प्रारम्भिक सूचीमा परी तोकेको दिन अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भनी सोको कारण सहित अन्तर्वार्ता शुरु हुनुभन्दा पहिले लिखित निवेदन दिएका उम्मेदवारको हकमा छनौट तथा सिफारिस समितिलाई उक्त कारण मनासिब लागेमा सो समितिका अध्यक्षले उम्मेदवारसँग सम्बन्धित पदको अन्तर्वार्ता हुने कार्यतालिकाको अर्को उपयुक्त दिनमा निजलाई समावेश गर्नुपर्नेछ। अन्तर्वार्ता एक दिन मात्र हुने गरी कार्यतालिका तोकिएको हकमा मिति परिवर्तन हुने छैन।

३.४. अन्तर्वार्ताको मूल्याङ्कन गर्दा अनुसूची-१ को आधारमा छनौट तथा सिफारिस समितिका सदस्य प्रत्येकले बेगला बेग्लै मूल्याङ्कन गर्नुपर्नेछ। अन्तर्वार्ता मूल्याङ्कन गर्दा समितिका सदस्यले अनुसूची ३ फाराम प्रयोग गर्नुपर्नेछ।

३.५.अन्तर्वाता लिंदा सोधिने प्रश्नमा उम्मेदवारको व्यक्तित्व, काम गर्ने क्षमता, अभिरुची, सर्वेक्षण अवधिभर काम गर्ने प्रतिबद्धता, तथ्याङ्क प्रणाली सम्बन्धी जानकारी लगायतका विषहरु समावेश गर्नुपर्नेछ।

३.६. अन्तर्वाताको कुल पूर्णाङ्कको अङ्क दिँदा उम्मेदवारलाई ४० प्रतिशतभन्दा कम र ७० प्रतिशतभन्दा बढी अङ्क दिनुपरेमा सोको कारण समेत उल्लेख गर्नुपर्नेछ।

३.७. अन्तर्वाता समितिका न्यूनतम दुई जनाले बुँदा ३.६. अनुसार अङ्क प्रदान गरेमा मात्र त्यस्तो अङ्क गणना गरिनेछ अन्यथा यस्ता उम्मेदवारको ४० प्रतिशतभन्दा कम अङ्क भएमा ४० प्रतिशत र अधिकतम ७० प्रतिशतभन्दा बढी अङ्क भएमा ७० प्रतिशत कायम गरिनेछ।

३.८. अन्तिम अङ्क गणना गर्दा छनौट तथा सिफारिस समितिका सदस्यले दिएको अङ्कको औसत निकाली त्यसलाई लिनुपर्नेछ।

३.९. अन्तर्वार्ता सम्पन्न भएपछि अनुसूची ३ अनुसारको अङ्क तालिका बनाई समितिका सबै सदस्यले हस्ताक्षर गरी राख्नुपर्नेछ।

३.१०. सुपरिवेक्षक तथा गणक दुबैको प्रारम्भिक सूचीमा कुनै उम्मेदवार समावेश भएको भए त्यस्ता उम्मेदवारको दुबै पदका लागि बेग्ला बेग्लै अन्तर्वार्ता लिनुपर्नेछ। तर कुनै उम्मेदवार दुबै पदमा उतीर्ण भएको अवस्थामा उपल्लो पदमा मात्र सिफारिस गर्नुपर्नेछ।

३.११. अन्तर्वार्ताको सम्बन्धमा कुनै द्विविधा भएमा छनौट तथा सिफारिस समितिका अध्यक्षको निर्णय अन्तिम हुनेछ।

**४. स्थानीय आधारको मूल्याङ्कन-**

४.१.अन्तर्वार्ता सम्पन्न भएपछि उम्मेदवारको अनुसूची-१ अनुसार स्थानीयको बारेमा मूल्याङ्कन गर्नुपर्नेछ।

४.२.उम्मेदवार विज्ञापन भएको कार्यालय रहेको प्रदेशको स्थायी बासिन्दा भए मात्र स्थानीय वापतको अङ्क प्रदान गर्नुपर्नेछ।

४.३.उम्मेदवार स्थानीय भए नभएको यकिन गर्नका लागि निजको नागरिकताको प्रमाणपत्रमा उल्लेखित स्थायी ठेगानालाई आधार मान्नुपर्नेछ।

४.४. उम्मेदवारले नागरिकता बाहेक सम्बन्धित प्रदेशमा स्थायी बसोबास भएको खुल्ने राष्ट्रिय परिचयपत्र, बसाँइ सराईको प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र मध्ये कुनै एक पेश गरेमा समेत स्थानीय वापतको अङ्क दिनुपर्नेछ।

**५. अन्तिम नतिजा तयार गरी सार्वजनिक गर्ने-**

५.१.प्रारम्भिक सूचीमा समावेश सबै उम्मेदवारको अन्तर्वार्ता सम्पन्न भएपश्चात छनौट तथा सिफारिस समितिले अनुसूची-४ को आधारमा योग्यताक्रम तयार गरी अनुसूची-५ अनुसार नियुक्तिका लागि अन्तिम नतिजा सूची तयार गर्नुपर्नेछ।

५.२.अन्तर्वार्ता सम्पन्न भएपश्चात मात्र अन्तिम योग्यताक्रम तयार गर्नका लागि अनुसूची-१ अनुसार तोकिएका अन्य आधारहरुको मूल्याङ्कन तालिका तयार गर्नुपर्नेछ।

५.३.अन्तिम नतिजा तयार गर्दा उम्मेदवारका बीचमा समान अङ्क भएमा अन्तर्वार्ताको प्राप्ताङ्कलाई आधार मानी अन्तिम नतिजाको योग्यताक्रम तयार गर्नुपर्नेछ।

५.४. दफा ५.३. बाट पनि उम्मेदवारको समान अङ्क भएमा अनुभवको प्राप्ताङ्कलाई आधार मानी अन्तिम नतिजाको योग्यताक्रम तयार गर्नुपर्नेछ।

५.५. कुनै उम्मेदवार दुबै पदमा उतीर्ण भएको अवस्थामा उपल्लो पदमा मात्र सिफारिस गर्नुपर्नेछ।

५.६. सिफारिश गर्दा उम्मेदारवारको अनुसूची-६ अनुसार बैकल्पिक उम्मेदवारको सूची समेत तयार गरी सिफारिस गर्नुपर्नेछ।

५.७. अन्तर्वार्तामा सहभागी भएका तर बैकल्पिक उम्मेदवारको सूचीमा समावेश हुन नसकेका सबैको नाम रोष्टर सूचीमा समावेश गरी तथ्याङ्क समन्वय कार्यालयमा राख्नुपर्नेछ।

५.८. मापदण्डको अनुसूची-२ मा उल्लिखित समयतालिका बमोजिम विज्ञापन भएको पदमा नियुक्तिका लागि अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ।

५.९. विज्ञापन भएको पदको अन्तिम नतिजा तथ्याङ्क समन्वय कार्यालयको सूचना पाटीमा टाँस गरी वेवसाईटमा समेत सार्वजनिक गर्नुपर्नेछ।

**६. करार सम्झौताको लागि सिफारिस गरी पठाउने -**

६.१. अन्तिम नतिजा सार्वजनिक गरेपछि छनौट तथा सिफारिस समितिले उत्तिर्ण उम्मेदवारको करार सम्झौताको लागि सिफारिस सहित राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउनुपर्नेछ।

६.२. करार सम्झौता सम्बन्धी अन्य कार्य नेपाल श्रमशक्ति सर्वेक्षण चौथोका लागि करारमा जनशक्ति भर्ना सम्बन्धी मापदण्ड, २०८२ बमोजिम र राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्णयानुसार हुनेछ।

## अनुसूची- १

(बुँदा १.२, ३.५, ४.१ सँग सम्बन्धित)

**<u>मूल्याङ्कनको आधार</u>**

| सि. नं. | आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | न्यूनतम शैक्षिक योग्यता | २५ |
| १.१ | ग्रेड A, A+ वा ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त | २५ |
| १.२ | ग्रेड B, B+ वा ६० देखि ७९.९ प्रतिशत अङ्क प्राप्त | २२ |
| १.३ | ग्रेड C, C+ वा ५० देखि ५९.९ प्रतिशत अङ्क प्राप्त | १९ |
| १.४ | ग्रेड C भन्दा न्यून वा ५० प्रतिशतभन्दा कम अङ्क प्राप्त | १६ |
| ३ | अनुभव | २५ |
| ३.१ | नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण वा न्यूनतम ६ महिना अवधि सुपरिवेक्षक/गणक/डाटा ईन्ट्री अपरेटर/इडिटर काम गरेको | २५ |
| ३.२ | ३ महिना वा सो भन्दा बढी समय उल्लिखित बाहेक कुनै गणना तथा सर्वेक्षणमा वा राष्ट्रिय जनगणना वा राष्ट्रिय कृषिगणनामा सुपरिवेक्षक/गणक/डाटा ईन्ट्री अपरेटर/इडिटर पदमा काम गरेको | २० |
| ३.३ | उल्लिखित बाहेक कुनै किसिमको गणना वा सर्वेक्षणमा न्यूनतम १ महिना सुपरिवेक्षक/गणक/डाटा ईन्ट्री अपरेटर/इडिटर काम गरेको | १५ |
| ४ | स्थानीय | ५ |
| ४.१ | सम्बन्धित प्रदेशको स्थायी ठेगाना भएको व्यक्ति भएको | ५ |
| | कुल अङ्क | ५५ |
| ५ | अन्तर्वार्ता | ४५ |
| ५.१ | तथ्याङ्क प्रणाली गणना तथा सर्वेक्षणको बारेमा जानकारी | २० |
| ५.२ | प्रस्तुतिको तरिका | १० |
| ५.३ | व्यक्तित्व | १० |
| ५.४ | सामान्य ज्ञान तथा सूचना प्रविधिको जानकारी | ५ |
| | कुल पुर्णाङ्क | १०० |

# अनुसूची -२

(बुँदा १.२ सँग सम्बन्धित)

**नेपाल श्रमशक्ति सर्वेक्षण चौथो २०८२/८३ को जनशक्ति भर्नाको प्रारम्भिक सूची प्रकाशनको मूल्याङ्कन फाराम**

तथ्याङ्क समन्वय कार्यालयः

पदः

मितिः २०८२/ /

पदः १. सुपरिवेक्षक २. गणक

| क्रम संख्या | आवेदकको नाम, थर | ठेगाना | मूल्याङ्कनको आधार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शैक्षिक योग्यता | | | | अनुभव | | | जम्मा प्राप्ताङ्क **(पूर्णाङ्क ५०)** |
| | | | ग्रेड A, A+ वा ८० प्रतिशत भन्दा बढी अङ्क प्राप्त(२५) | ग्रेड B, B+ वा ६० देखि ७९.९ प्रतिशत अङ्क प्राप्त(२२) | ग्रेड C, C+ वा ५० देखि ५९.९ प्रतिशत अङ्क प्राप्त(१९) | ग्रेड C भन्दा न्यून वा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त(१६) | नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण वा न्यूनतम ६ महिना अवधि सुपरिवेक्षक/गणक/डाटा ईन्ट्री अपरेटर/इडिटर काम गरेको (२५) | ३ महिना वा सोभन्दा बढी समय उल्लिखित बाहेक कुनै गणना तथा सर्वेक्षणमा वा राष्ट्रिय जनगणना वा राष्ट्रिय कृषिगणनामा सुपरिवेक्षक/गणक/डाटा ईन्ट्री अपरेटर/इडिटर पदमा काम गरेको (१५) | उल्लिखित बाहेक कुनै किसिमको गणना वा सर्वेक्षणमा न्यूनतम १ महिना सुपरिवेक्षक/गणक/डाटा ईन्ट्री अपरेटर/इडिटर काम गरेको (७) | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

समिति सदस्य सचिवः
नाम,थर
सही
मिति

समिति सदस्यः
नाम,थर
सही
मिति

समिति अध्यक्षः
नामथर
सही
मिति

# अनुसूची-३

(बुँदा ३.९ सँग सम्बन्धित)

## नेपाल श्रमशक्ति सर्वेक्षण चौथो २०८२/८३ को जनशक्ति भर्नाको अन्तर्वार्ताको मूल्याङ्कन फाराम

तथ्याङ्क समन्वय कार्यालयः

अन्तर्वार्ता लिनेको नाम, थरः

पदः

मितिः २०८२/ /

अन्तर्वार्ता लिएको पदः १. सुपरिवेक्षक २. गणक

| क्रम संख्या | आवेदकको नाम, थर | ठेगाना | मूल्याङ्कनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | तथ्याङ्क प्रणाली, गणना तथा सर्वेक्षणको बारेमा जानकारी (२०) | प्रस्तुतीको तरिका (१०) | व्यक्तित्व (१०) | सामान्य ज्ञान तथा सूचना प्रविधिको जानकारी (५) | जम्मा (४५) |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

समिति सदस्य सचिवः
नाम,थर
सही
मिति

समिति सदस्यः
नाम,थर
सही
मिति

समिति अध्यक्षः
नाम,थर
सही
मिति

## अनुसूची -४
(बुँदा ५.१ सँग सम्बन्धित)

**नेपाल श्रमशक्ति सर्वेक्षण चौथो २०८२/८३ को जनशक्ति भर्नाको अन्तिम मूल्याङ्कन फाराम**

तथ्याङ्क समन्वय कार्यालयः

अन्तर्वार्ता लिनेको नाम, थरः

पदः

मितिः २०८२/ /

अन्तर्वार्ता लिएको पदः १. सुपरिवेक्षक २. गणक

| क्रम संख्या | आवेदकको नाम, थर | ठेगाना | मूल्याङ्कनको आधार | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | न्यूनतम शैक्षिक योग्यता (२५) | अनुभव (२५) | स्थानीय (५) | अन्तर्वार्ता (४५) | जम्मा प्राप्ताङ्क (१००) |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

समिति सदस्य सचिवः
नाम,थर
सही
मिति

समिति सदस्यः
नाम,थर
सही
मिति

समिति अध्यक्षः
नाम,थर
सही
मिति

अनुसूची- ५
(बुँदा ५.१ सँग सम्बन्धित)

**नेपाल श्रमशक्ति सर्वेक्षण चौथो २०८२/८३ को जनशक्ति नियुक्तिको अन्तिम नतिजा फाराम**

तथ्याङ्क समन्वय कार्यालयः

मितिः २०८२/ /

सिफारिश गरिएको पदः १. सुपरिवेक्षक २. गणक

| क्रम संख्या | नाम, थर | ठेगाना | जम्मा प्राप्ताङ्क (१००) |
|---|---|---|---|
| सिफारिशः | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| बैकल्पिक | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

| समिति सदस्य सचिवः | समिति सदस्यः | समिति अध्यक्षः |
|---|---|---|
| नाम, थर | नाम, थर | नाम, थर |
| सही | सही | सही |
| मिति | मिति | मिति |

अनुसूची- ६

(बुंदा ५.५ सँग सम्बन्धित)

## बैकल्पिक उम्मेदवारको संख्या

| क्रम संख्या | माग पद संख्या | बैकल्पिक उम्मेदवारको संख्या |
| --- | --- | --- |
| १ | १ देखि ३ | २ |
| २ | ४ देखि ८ | ४ |
| ३ | ९ देखि १२ | ६ |